# मधेशी आयोग

ज्वागल, ललितपुर

मधेशी आयोग ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोल फ्रि नं: १६६००११६१८५

## शुभकामना सन्देश !

२५६७औ वुद्ध जयन्तीको शुभकामना ।

नेपालको पश्चिम तराई मधेशका अवध क्षेत्र हाल लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा पिता सुद्धोधन र माता महामाया देवीको सन्तानको रुपमा वैशाख महिनाको शुक्ल पन्चमीका दिन जन्मिएका थिए सिद्धार्थ । विवाहोत्तर २९ वर्षको उमेरमा राजोगुण जीवनबाट निवृत्त भई ज्ञान प्राप्तिका लागि वैराग्य प्राप्त गर्न गृहत्यागी भए । वर्षौंको तपस्या पश्चात् वोधगया स्थित सिमलको रुखमुनि ज्ञान प्राप्त गरे । सो ज्ञान प्राप्त गर्ने तिथि र महिना पनि वैशाखको शुक्ल पन्चमी नै थियो ।८० वर्षको उमेरमा महापरिनिर्वाण/ समाघिस्थ भए सो तिथि र महिना वैशाखको शुक्ल पन्चमी नै थियो । यसप्रकार शान्तिका अग्रदूत भगवान् वुद्धको जन्म, वुद्धत्व प्राप्तिको दिन र समाधिको दिन एउटै तिथि र महिनामा रहेको देखिन्छ ।

"आपो दीपो भवः!" को मूलमन्त्रको भावना अक्षरशः अंगिकार गर्ने महामनाले जीवनभरिमा ८४ हजार भन्दावढि पटक अमृतरुपी अमूल्यवाणीबाट पुष्पित र सिंचित गरेका थिए । "वुद्धम् शरणम् गच्छामी"को सतमार्गमा विश्वव्यापी रुपमा ३५ करोडभन्दा बढि वौद्ध धर्मावलम्बी रहेका छन् ।

जीवन र जगतका सम्वन्धमा अतुल्य अभिव्यक्त ज्ञानकै कारणले महाज्ञानी वुद्धले महाजीवन प्राप्तगरि विष्णुको नवौं अवतारको रुपमा समेत स्थान पाए । महात्मा वुद्धका सम्वन्धा अनेकानेक मुलुकका प्रसिद्धिप्राप्त लेखकहरुले पुस्तकहरु लेखेका छन् । जसमा एडमिन आर्नोल्डले "एशियाका ज्योति" [ई.१८७९], डा.भीमराव अम्वेडकरले "वुद्ध र उनको धर्म" [१९५७], हर्मन हेस्सेले "सिद्धार्थ", अन्य पुस्तकहरुमा वुद्धिष्ट डिक्सनरी [१९५०], विश्वमा वुद्ध [१९०६] ,वुद्धको विचार [१९५९] आदि रहेका छन् । वौद्ध दर्शन सम्वन्धी अध्ययन अध्यापन विश्वका ख्यातीप्राप्त विश्वविद्यालयहरुमा हुन्छ जसमा अक्सफोर्ड, क्याम्व्रिज, हावर्ड रहेका छन् । यस्तो महान व्यक्तित्वलाई यु.एन.ले समेत २००२ मा स्वीकार र अंगिकारगरि सार्वजनिक विदा दिने निर्णय गरेको छ ।



Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८

# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोल फ्रि नं: १६६००११६१८५


'वचनस्य एकम् कर्मस्य एकम्' को मुल्यलाई सर्वग्रहणगरि "वसुधैवकुटुम्वकम्।" को अतुलनीय शूत्र प्रदानकर्ता परमात्मा वुद्धका सन्देशले हामी सवैलाई सचित्र जीवनमूल्य प्रदान गरोस् । यस जयन्तीलाई सर्वव्यापक बनाई धार्मिक तथा साँस्कृतिक पर्यटनको माध्यमबाट मुलुकको आय आर्जनमा बढोत्तरी होस् सहित **हार्दिक मंगलमय शुभकामना समर्पण !**

डा.विजयकुमार दत्त

अध्यक्ष

मधेशी आयोग

२०८०।०१।२९


"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Email: **madheshicommission@gmail.com**

**Website: www.madheshicommission.gov.np**

आयोगको हेल्पलाईन नं. ११४८